# श्री नमोबुद्ध सामुदायिक वन उपभोक्ता समूह
## रोशी -७, काभ्रेपलान्चोक

अध्यक्ष

प.सं.: २०८३/०८४
च.नं.

**वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बधी सूचना**
**श्री नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/४/३१**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा मनसुनजन्य बिपदबाट क्षेति भएका रुखहरुको स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको सल्ला जात सहितको लट नं. १ को तपशिल अनुसारको काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो प्रथम पटक सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएका डिबिजन वन कार्यालयमा वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत एवं अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगले यो सूचना नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं. | लट | जात | किसिम | ग्रेड | गो. थान | परिमाण क्यूफिट | दररेट | न्यूनत्तम मूल्य रु. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खोटेसल्ला | गोलिया | B | ४६७ | १३५९.२७ | १५०.०० | २०३८९१.०० | १२५.०० प्रति क्यूफिट | - |
| २ | | साज | गोलिया | C | १ | ४.३८ | १००.०० | ४३८.०० | | |
| ३ | | हर्रो | गोलिया | | २ | ६.६७ | २००.०० | १३३४.०० | | |
| ४ | | बड्कौले | गोलिया | | २ | २.८८ | १००.०० | २८८.०० | | |
| | | जम्मा | | | ४७२ | १३७३.२० | | २०५९५१.०० | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
   क) बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८३/५/१९ गते, समयः दिनको ५:०० बजेसम्म ।
   ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८३/५/२० गते, समयः दिनको १२:०० बजेसम्म ।
   ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

३. बोलपत्र डिबिजन वन कार्यालय काभ्रेपलान्चोक, सव डिबिजन वन कार्यालय कटुन्जे र यस समूहको कार्यालयबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समूहको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको चल्ती खाता नं.१०४०१००००६४००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा कम्तिमा ६ महिनाको बैंक जमानत समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम दस्तुर लट नं. १ को प्रति लट रु.१०००।०० (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिबिजन वन कार्यालय, काभ्रेपलान्चोक वा सव डिबिजन वन कार्यालय कटुन्जे बाट खरिद गर्न सकिने छ ।

६. लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समूहको घाटगद्दी रोशी ७ थानसिङ स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन इच्छुक उद्योगको रुपमा दर्ता तथा नविकरण भएका काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता र आ.व २०८१/२०८२ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN No) दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा डिबिजन वन कार्यालयमा सूचीकृत तथा अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्र खरिद तथा दाखिला उद्योगको प्रोपाइटर वा निजले तोकेको आधिकारिक व्यक्तिले गर्नुपर्नेछ ।

८. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू पत्रिकामा सुचना प्रकाशन भएको २२ औं दिन मिति गते दिनको ११:०० बजे साक्षीहरूको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परे कार्यालय खुल्ने पहिलो दिन खोलिनेछ ।

Scanned with CamScanner

# श्री नमोबुद्ध सामुदायिक वन उपभोक्ता समूह
## रोशी -७, काभ्रेपलान्चोक

प.सं.: २०८३/०८४
च.नं.

९.सामुदायिक वनको काठ दाउरा संकलन तथा बिकी वितरण निर्देशिका २०७१ बमोजिम लिलाम स्वीकृत भई जानकारी प्राप्त भएको मितिले १०(दश) दिन भित्र सकारकर्ताले सकार गरेको रकम तथा निर्धारित मु.अ.क , संकलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानुपर्नेछ ।

१०. लिलाम सकार अंक काठको न्यनतम मुल्यको आधारमा हुनेछ । बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

११.बोलपत्र मान्य नहुने अवस्थाहरु

- प्रत्येक लटको लागि छुटै सिलबन्दी नगरि प्राप्त हुन आएका बोलपत्र ।
- सम्वन्धित समुहको छाप र अध्यक्षको दस्तखत गरि प्रमाणित हुनुपर्नेमा सो नभएको बोलपत्र वा बिकी नभएको बोलपत्र वा बिकी भएको बोलपत्रको प्रतिलिपि दाखिला गरेको बोलपत्र ।
- बोलपत्र जसको नाममा खरिद गरिएको हो उसैको तर्फबाट दाखिला नगरेको बोलपत्र ।
- बोलपत्रदाताको हस्तक्षर (फर्म,कम्पनी,उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र ।
- सकार अंकको १० प्रतिशत धरौटि बापतको रकमको बैक भौचर समावेश नभएको वा कम रकम भएको बोलपत्र ।
- बोलपत्र अव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको ।
- म्यादभित्र पेश हुन नआएका बोलपत्र ।
- बोलपत्र पुर्णता परिक्षण बमोजिम कागजात नभएको ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस श्री नमोबुद्ध सामुदायिक वन उपभोक्ता समुह रोशी ७ मा निहित रहने छ ।

*थप जनकारीको लागि फोन नं ९८१८९३०५४५*

नमोबुद्ध सामुदायिक वन उपभोक्ता समूह रोशी गा.पा -७,काभ्रे

अध्यक्ष

Scanned with CamScanner